# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ऐसेलुखर्क गाउँपालिका
## खोटाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ऐसेलुखर्क गाउँपालिका

## खोटाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ऐसेलुखर्क गाउँपालिका

खोटाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ८३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
ऐसेलुखर्क गाउँपालिका, ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६५ लाख ३५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३२ लाख ९८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही र प्रतिक्रियाबाट थप रु.३६ हाजार वेरुजु कायम भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१९ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ७५ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख ४१ हजार र पेश्की बाँकी रु.२ लाख ७० हजार समेत रु.३ करोड ३२ लाख ७३ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड ६५ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ९८ लाख ६५ हजार रहेको छ

। यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्तालै सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

# ऐसेलुखर्क गाउँपालिका, खोटाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | | बाँकी बेरुजु | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५६ | १३५ | ३६५३५ | ० | ४८ | ३२९८ | ३६ | ५६ | ८७ | ३३२७३ | १९०९ | ३५४१ | २७५५३ | ० | ० | ३१०९४ | २७० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | १०६५९२ | ० | ० | १०६५९२ | ० | ३३२७३ | १३९८६५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | ३४.२ | असुल भएको प्रमाण पेश | २४६५० |
| २ | २०७९।८० | ३५ | असुल भएको प्रमाण पेश | २५८६० |
| ३ | २०७९।८० | ३७ | असुल भएको प्रमाण पेश | ७३५० |
| ४ | २०७९।८० | ३९ | नेपाल विद्युत प्राधिकरणको विल पेश | १५०००० |
| ५ | २०७९।८० | ४३ | असुल भएको प्रमाण पेश | ६७५० |
| ६ | २०७९।८० | ४४ | असुल भएको प्रमाण पेश | २४०० |
| ७ | २०७९।८० | ४६.१ | असुल भएको प्रमाण पेश | ८६०७ |
| ८ | २०७९।८० | ४६.२ | असुल भएको प्रमाण पेश | ५१०० |
| ९ | २०७९।८० | ४६.३ | असुल भएको प्रमाण पेश | ७४०० |
| १० | २०७९।८० | ७७ | जिन्सी दाखिला भएको प्रमाण पेश | ९६००० |
| ११ | २०७९।८० | ८० | असुल भएको प्रमाण पेश | १०५०० |
| १२ | २०७९।८० | ८३ | असुल भएको प्रमाण पेश | १३६४७८ |
| १३ | २०७९।८० | ८९.३ | असुल भएको प्रमाण पेश | २१७४११२ |
| १४ | २०७९।८० | ८९.४ | असुल भएको प्रमाण पेश | २२५०० |
| १५ | २०७९।८० | ९३ | असुल भएको प्रमाण पेश | २७७०३० |
| १६ | २०७९।८० | ९८ | असुल भएको प्रमाण पेश | २५५० |
| १७ | २०७९।८० | १०२ | असुल भएको प्रमाण पेश | ८८५० |
| १८ | २०७९।८० | १०३ | असुल भएको प्रमाण पेश | ३१६०६५ |
| १९ | २०७९।८० | १०४ | असुल भएको प्रमाण पेश | १५३०० |
| चालु वर्षको जम्मा | | | | ३२९७५०२ |
| गत विगतको जम्मा | | | | ० |
| कुल जम्मा | | | | ३२९७५०२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) ऐसेलुखर्क गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकामा ७ वडारहेको छ भने क्षेत्रफल १२५.९३ वर्ग किलोमिटर तथा १३२१७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय - व्ययतर्फ रु.६४ करोड १० लाख १५ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१९६९४२.७६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामजिक सूरक्षा तर्फ | १,०६,४३२.७६ |
| २ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रममा बढी भुक्तानी रु | ४०००० |
| ३ | अनुपातिक कट्टी | ५०५१० |
| **जम्मा** | | **१९६९४२.७६** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७३५३९३१४.०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ७१८०४४२०.६६समेत गरी रु.१४५३४३७३४.६६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **गत बर्षको बचत -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।३।२७ च नं १२१ को परिपत्र अनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्रास रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सोही ऐनको दफा २८ मा अनुदान रकम जुन प्रयोजनको लागि प्रास भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार वित्तिय समानिकरण अनुदानको लागि प्रशासनिक खर्च प्रयोजनमा खर्च गर्न मिल्ने देखिंदैन

। सुत्र प्रणालीको श्रोतगत आम्दानी खर्च प्रतिवेदन अनुसार गत वर्षको बैंक मौज्दातलाई यस वर्षको आन्तरिक आम्दानी रु.३०५९८७५०।- देखिएको छ ।उक्त रकममा २०७८।७९ को संघीय समानिकरण अनुदान र प्रदेश समानिकरण बचत समेत समावेश रहेको हुन्छ ।पूँजी निर्माण र विकास निर्माण कार्यको लागि प्राप्त रकम अघिल्लो आर्थिक वर्षमा लक्ष्य अनुरुप खर्च नगरी बचत भएको रकमलाई आन्तरीक आम्दानी देखाई समानीकरण अनुदान खर्च कार्यविधि विपरित पदाधिकारी सुविधा, तलव भत्ता, कार्यालय संचालन, लगायतका प्रशासनिक खर्चमा बजेट बाँडफाँड गरी खर्च गरेको उचित देखिएन ।

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ ले बिनियोजन,राजश्व, धरौटी तथा अन्य सरकारी कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था गरेकोमा यस कार्यालयले ठेक्कागत अभिलेख खाता म.ले.प.फा.नं. ५०६, ठेक्का सम्बन्धी गोश्वार लगत म.ले.प.फा.नं. ५०७ बैंक प्रत्याभूति अभिलेख खाता म.ले.प.फा.नं. ६०४ र राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाताम.ले.प.फा.नं.१०६ लगायतका खाताहरु स्वीकृत ढाँचामा तयार गरेको पाईएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८।३।२९ मा रु.४८ करोड ११ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

**आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१७०२५००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३६५४२४२.६१ अर्थात अनुमान भन्दा २.१४ गुणा बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले २०८० वैशाख १४ मा मात्र समितिको बैठक बसी सिमा निर्धारण गरी वडा समिलाई पठाउने निर्णय गरेको पाइयो । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सो को पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी

तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विभिन्न डि.पी.आर शीर्षकमा कार्यपालिकाको निर्णयबाट बाँडफाँड हुने गरी रु.३००००० अबण्डा बजेट व्यवस्था गरी ६ योजनामा रु.२९५७११९।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था अनुरुप यस पालिकाले आवधिक योजना तयार गरेको भएतापति पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४४५२२ | २१९१६ | ५.४५ |
| सामाजिक विकास | २५७०२८ | २१४७६९ | ५३.३७ |
| पूर्वाधार विकास क्षेत्र | ११९४९५ | ८४७३८ | २१.०६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५८१८ | १६६०३ | ४.१३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८२५१५ | ६४४१९ | १६.०१ |
| **जम्मा** | **५१९३७८** | **४०२४४५** | **१००** |

उल्लिखित विवरण विश्लेषणबाट कुल खर्चको तुलनामा पालिकाले सबै भन्दा बढी ५३.३७ प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरेको छ भने सबै भन्दा कम ४.१३ प्रतिशत रकम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

१० **पूँजीगत खर्चको स्थिति -** कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ मा रोजगारी सिर्जना हुने तथा लाभग्राही समुदायलाई हस्तान्तरण हुने आयोजना मात्र उपभोक्ता समितीवाट गराउनुपर्नेमा जटिल तथा ह्याभी मेसिन समेत प्रयोग हुने रु.६ करोड ९५ लाख ९७ हजारको कार्य उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ ।उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **विवरण** | **रकम (रु.हजारमा)** |
|---|---:|
| खुला बोलपत्रवाट | ५४९६९ |
| सिलबन्दी दरभाउपत्रवाट | ५२८४ |
| उपभोक्ता समिति वा लाभग्राही समुदायवाट | ६९५९७ |
| अमानत | ० |
| सोझै खरिद | ५६१३ |
| **जम्माः** | **१५५४६३** |

सैद्धान्तिक बेरुजु

११ **स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, २१ कार्यविधि, २ निर्देशिका लगायत ३४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३४ वटा कानूनहरु निर्माण गरी गाउँसभा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो वर्ष थप भएको १६ गरी कुल १६ विवाद दर्ता भएकोमा १४ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३ लाख ६९ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३६५४२४२.६१ को १०.०९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि ४२० ले निवेदन दिएको ४२०, घरवाटो सिफारिश ९६ ले निवेदन दिएकोमा ९५ सिफारिस, नागरिकता सिफारिस ४६७ नाता प्रमाणित १२९ ले निवेदन दर्ता गरेकोमा १४६ सिफारिस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेद पञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृतसम्पती कर | १५,०००.०० | ०.०० | ० |
| भुमिकर/मालपोत | २००,०००.०० | ६२५,५७१.७९ | ३१२.७९ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १४५,०००.०० | २१२,१६८.६० | १४६.३२ |
| वहाल कर | ६०,०००.०० | १८६,२५९.५७ | ३१०.४३ |
| वहाल विटौरी कर | ६०,०००.०० | ७२,१७७.७८ | १२०.३० |

एकिकृत सम्पत्ती करमा रु.१५०००।- अनुमान गरेकोमा राजस्व असुली भएको छैन भने अन्य शिर्षका अनुमान भन्दा ३ गुणा भन्दा बढी राजस्व असुली भएको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.११२४५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **खारिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३५४६३५८२.१६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **बार्षिक प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति

विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

**योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १५२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.स. | योजना | कुल योजना संख्या | २० लाख माथि | ५ देखि २० लाख सम्म | ५ लाख सम्म |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५८ | १२ | १९ | २७ |
| २. | वडास्तरीय | ९४ | ० | ४ | ९० |
| कुल | | १५२ | १२ | २३ | ११७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३४ योजनामात्र कार्यान्वयन भई १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । आम्दानी भएको जिन्सी मालसामान माग फाराम, हस्तान्तरण फारामको आधारमा खर्च जनाई बाँकी मालसामान जिम्मेवारी सार्नुपर्दछ । यस पालिकाको जिन्सी अभिलेख परीक्षणमा नमुना परीक्षणको रुपमा चार आईटमको परीक्षण गरिएको छ । जिन्सी अभिलेखमा पेन दर्जन र गोटामा, ईण्डेक्स फायल कार्टुन र गोटामा, टोनर नया र रिफिल एकै ठाउमा एकै किसिमले दाखिला गरेको छ । तपसिलको ५ आईटमको मुल्य रु.६,१२,२३०.०० को मालसामानहरु माग गरेको मागफाराम तथा वुझेको प्रमाण वेगर एकमुष्ट खर्च जनाईएको छ । एचडिपिई पाईप आम्दानी भन्दा बढी खर्च भएको देखिन्छ । जसले गर्दा आवश्यक भन्दा बढी जिन्सी खरिद हुन सक्ने र वास्तविक भन्दा बढी खर्च हुन सक्ने देखियो । भण्डार प्रमुखलाई जिम्मेवार वनाई जिन्सी अभिलेख व्यवस्थित वनाउनुपर्दछ ।

| सि.नं. | जिन्सी सामानको नाम | जिन्सी संकेत नं. | खर्च जनाएको मिति | परीमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | एचडिपिई पाईप | ६१६१७०११०१ | २०८०।३।३१ | २७५५ | ३२२३५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | जेलपेन | ६१६१२०१०४५ | २०८०।३।३१ | १३५ | ६४८०० |
| ३ | इण्डेक्स फायल | ६१६१२०१०१५ | २०८०।३।३१ | ६०१ | १५०२५० |
| ४ | टोनर | ६१६१२०१००२ | २०८०।३।३१ | १११ | ७४८२५ |
| **जम्मा** | | | | | **६१२२३०** |

सैद्धान्तिक बेरुजु

२२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३६५४२४२.६१ , राजस्व बाँडफाँबाट रु. ६४६७७८५१.४२, अनुदानबाट रु.३७४४०३२५०.०० र गतवर्षको सञ्चितकोषको अ.ल्या समेत रु. ४७३३३४०९४.०३ ( विभिन्न कोष बाहेक) आम्दानी भएकोमा चालु तर्फ रु. २६४०२६९५९.२३ र पूँजिगत तर्फ रु.१३५४६३५८२.१६ समेत रु.३९९४९०५४१.३९ ( विभिन्न कोष बाहेक) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.४६८६५७३ खर्च भएको छ जुन आन्तरिक आयको १२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.०९ प्रतिशत चालु र ३३.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **त्रैमासिक प्रगति विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३५४६३ | ३६७२ | ६९४४ | ४४१६० | ८०६८७ | २९८३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिशत | १०० | २.७२ | ५.१२ | ३२.६० | ५९.५६ | २२.०३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३ करोड ५४ लाख ६३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.३६ लाख ७२ हजार(२.७२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६९ लाख ४४ हजार ( ५.१२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ४१ लाख ६० हजार ( ३२.६० प्रतिशत) र चौथो त्रैमासिकमा रु ८ करोढ ६ लखा ८७ हजार (५९.५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २ करोड ९८ लाख ३९ हजार ( २२.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत गरी जम्मा ४ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष पूँजीगत बजेट रु. १३ करोड ५४ लाख ६३ हजार मध्ये रु.२० लाख १ हजार कन्टिन्जेन्सी वापत खर्च गरेको जुन खर्चको ०.१५ प्रतिशत रहेको छ । कन्टिन्जेन्सीको योजनागत खाता तयार गरेको छैन । तसर्थ कुन योजनाबाट के कति कन्टिन्जेन्सी खर्च भएको एकिन गर्न नसकिएकोले योजनागत खर्च खाता तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०७२३६९२८.९८ | ३६५४२४२.६१ | १.१९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **ब्याकुलोडरको राजस्व -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र असुली गर्ने व्यवस्था छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा २८ (२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदि सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिलन नगरेको देखिन आएमा सम्वन्धित तालुक कार्यालय वा विभगीय प्रमुखले १० दिन ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशत जरिवाना र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाको आर्थिक ऐन,२०७९ को अनुसूची ४ अनुसार गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा प्रयोग भएमा प्रति घण्टा अपरेटर र ईन्धन सहितको रु.२५०० अपरेटर र ईन्धन वाहेकको रु.३००० राजस्व आम्दानी गर्नुपर्दछ । पालिकाको व्याकुईलोडर प्रयोग गरेवापत राजस्व उठाउने निर्णय गरे पनि प्रयाप्त मात्रामा राजस्व आम्दानी गरेको देखिएन । योजनामा उपभोक्ता समिति वा व्यक्तिले प्रयोग गरेवापत सवै योजनाहरुको राजश्व उठाउने पर्नेमा उठाएको पाईएन । व्याकुईलोडर प्रयोग अधिकतम गरि आम्दानी बढाउनु पर्ने देखिन्छ । तपसिलको कार्यमा प्रति घण्टा अपरेटर र ईन्धन सहितको रु.२५०० का दरले ८६.५ घण्टाको जम्मा रु.२,१६,२५०.०० राजस्व आम्दानी भएकोमा अपरेटर युवराज राईले रु.१,१७,००० मात्र दाखिला गरेकोले रु.९९२५० घटी राजस्व आम्दानी गरेको देखियो । घटी आम्दानी भएको ९९२५० को १० प्रतिशत जरिवाना समेत बैंक दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | कार्य | कार्य गरेको मिति | घण्टा | रकम |
|---|---|---|---|---|
| १ | घडेरी सम्माउने कार्य | २०७९।८।४ | १२ (४९९९-५०११) | ३०००० |
| २ | बाटो मर्मत कार्य | २०८०।३।१९ | २.५ (५८५४-५८५६.५) | ६२५० |
| ३ | वाटो फिनिसिङ्ग कार्य | २०८०।३।१३ | ६२ (५७९२-५८५४) | १५५००० |
| ४ | ग्यावियन होल खनेको | २०८०।२।१९ | ७ (५७००-५७०७) | १७५०० |
| ५ | ट्रकको ईन्जिन उठाएको | २०८०।२।१७ | २(५६९५-५६९७) | ५००० |
| ६ | एक्साभेटर ईन्जिन उठाएको | २०८०।२।१२ | १ (५६७९-५६८०) | २५०० |

| | |
|---|---|
| जम्मा | २१६२५० |
| दाखिला | ११७००० |
| बाँकी | ९९२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,१७५ |

३० **भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१)(ख) मा वास्तविक कार्यसम्पादनको आधारमा नापजाँच गरी बिल, बिजकको रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ । जालपा मा.वि. ऐसेलुखर्क-२ को चारकोठे भवन निर्माणको लागत अनुमान रु.६५,१७,३१७।- रहेकोमा अघिल्लो विलबाट रु.३२,६६,२३८।- र यस विलबाट रु.२७,१०,०६१।- गरी जम्मा रु.५९,७६,२९९।- को कार्य भएको देखिन्छ । यस वर्ष दोस्रो रनिङ्ग विलसम्म रु.५९,७६,२९९।- को कार्य भएकोमा पालिकाले पहिलो विलमा रु.१८,००,००० (पेश्की फछर्योट समेत) भुक्तानी भईसकेको उल्लेख गरी यस विलबाट रु. १५,००,०००।- खर्च लेखिएको छ ।पहिलो रनिङ्ग विलको भुक्तानी रकम र पेश्की फछर्यौट रकमको कागजात प्रमाण समावेश नगरी भुक्तानी गरिएकोले भुक्तानी बाँकी रहे नरहेको एकीन हुन सकेन ।पालिका र समितिबिच भएको संझौता, कार्य शुरु गरेको समय देखि भएको कार्यको नापी किताव र पहिलो रनिङ्ग विलमा भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

३१ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१३१९२००।- बाँकी रहेको मध्ये आ. व. २०८०।८१ मा निर्माण व्यवसायीको मोविलाईजेशन पेश्की रु ५७४०००।- र उपभोक्ता समितिको रु ४७५०००।- फर्छ्यौट गरि पेश गरेकोले पेश्की फर्छ्यौट

प्रयोजनको लागि मात्र हेरिएको छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु.२७०२००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २,७०,२०० |

**(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३३ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम निर्माण व्यवसायीको धरौटि रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीलाई मू.अ. कर समायोजन विवरण पेश गरेको कागजात बेगर आयकर चुक्ता प्रमाणको आधारमा रु.१३,६५,१९०।- धरौटी फिर्ता गरेको छ । आयकर चुक्ता प्रमाणको आधारमा मात्र धरौटी फिर्ता गर्दा सरकारलाई बुझाउनु पर्ने मू.अ.कर समायोजन नहुन सक्ने देखियो। कार्यालयबाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धी कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | भौ.नं. र मिति | निर्माण व्यवसायी | निर्माण कार्य | फिर्ता रकम |
|---|---|---|---|---|
| १ | ८-०७९।१०।२० | सक्षम निर्माण सेवा (६०२९६६३४८) | सभाहल निर्माण | २१०६०४ |
| २ | १६-०८०।१।२१ | एम.वि. मेडिटेक (६०६७०९४२२) | यु.एस.जि मेशिन जडान कार्य | १४६००० |
| ३ | १७-०८०।१।२६ | रुजन-तुवाचुङ्ग-बुद्धिसरा जे.भी. (६१६००५८०८) | भिरपानी नोरुङ्ग ऐसेलुखर्क निर्माण | ४१०७०८ |
| ४ | १७-०८०।१।२६ | रुजन-तुवाचुङ्ग-बुद्धिसरा जे.भी. (६१६००५८०८) | भिरपानी नोरुङ्ग ऐसेलुखर्क निर्माण | ५९७८७८ |
| **जम्मा** | | | | **१३६५१९०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६५,१९० |

३४ **कृषि तथा पशु कार्यक्रम**

३४.१ **बहुक्षेत्रीय पोषण कार्यक्रमः** बहुक्षेत्रिय पोषण कार्यक्रम श्रोत सामग्री २०७८ को १५.३ मा सहकारी वा समुहको हकमा स्थानीय तहबाट अनुगमन गर्नुपर्ने र अनुदानको लागी छनौट भएका महिला सहकारी वा समुहले अनुदान प्राप्त गर्ने सदस्यले व्यवसायीक योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रममा १० जना वाखापालन, ७ जना कुखुरापालन, ८ जना बंगुर पालनलाई रु.२५,००० का दरले जम्मा रु.६,२५,०००।०० नगदै भरपाई गराई भुक्तानी गरिएको छ ।अनुदान प्राप्त गर्ने कृषकको बैंक खातामा जम्मा नगरिएको, स्थानीय तहबाट अनुगमन नभएको, अनुदान प्राप्त गर्ने सदस्यले व्यवसायीक योजना तयार नगरेको देखियो । तोकिएको मापदण्ड पुरा नगरी कृषकलाई अनुदान वितरण गरिने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२५,००० |

३४. **कृषि विभाग कार्यक्रममा सहभागी वैठक भत्ता**

२ ✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.२४,६५० ।- सम्परीक्षण गरिएको ।

३५ **कर्मचारी भ्रमण भत्ता**

✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२५,८६० ।- सम्परीक्षण गरिएको ।)

३६ **खेलाडी खाना खाजा खर्च -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । ज्ञान बहादुर राईलाई, तेक्वन्दो प्रशिक्षक अर्जुन भक्त राईलाई खाजा खानाको रकम वापत रु.१३०२०.०० समेत रु २१०२०.०० भुक्तानी भएकोमा खाजा खाए खुवाएको र अर्जुन भक्त राईलाई सो रकम बुझे बुझाएको प्रमाण संलग्न नदेखिएकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १३,०२० |
|---|---|

३७ **खाद्य सुरक्षा समिति वैठक भत्ता**

✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.७,३५० ।- सम्परीक्षण गरिएको ।)

३८ **सुचना प्रकासन -** गाउँपालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकाशन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु.१५२४७६३.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.भौ.नं/मिति | सेवा प्रदायक | भुक्तानी रकम रु. | छुट लिएको प्रतिशत |
|---|---|---|---|
| ९५।०७९।७।२ | इफोकस मिडिया प्रा.लि. | ३२०००.०० | |
| १३५।०७९।८।१६ | पार्श्व मिडिया प्रा.लि.(६०६६०८२४६) | १३१५७४.०० | २५ |
| २६८।२०७९।१०।२४ | पार्श्व मिडिया प्रा.लि.(६०६६०८२४६) | ५७२१९.०० | २५ |
| २६७।२०७९।१०।२३ | खोटाङ टुडे दैनिक (६०७९८६६३५) | ५७२१९.०० | ० |
| २६५।२०७९।१०।२३ | विनायक मिडिया प्रा.लि.(६०९५२५२१०) | १३७५४९.०० | २५ |
| २६४।२०७९।१०।२२ | इफोकस मिडिया प्रा.लि.(६१०२७२८६६) | ५००००.०० | |
| २६४।२०७९।१०।२२ | सेम्तुम्मा मिडिया प्रा.लि.(६१०२४६४७०) | ३००००.०० | |

| | | | |
|---|---|---|---|
| २६४।२०७९।१०।२२ | बिरासत मिडिया प्रा.लि.(६१०१६०६९७) | २५०००.०० | |
| २८७।२०७९।१०।२७ | साकार मिडिया एण्डटेक्नोलोजी प्रा.लि.(६०९८२५५५८९) | ४५०००.०० | |
| ६८६।०८०।३।२४ | हलेसी खवर पत्रिका(६००८६४३०१) | १३५०००.०० | २५ |
| ६८६।०८०।३।२४ | हलेसी न्युज नेटवर्क(६०६९०३६५५) | ४००००.०० | |
| ६८६।०८०।३।२४ | खोटाङ टुडे दैनिक (६०७९८६६३५) | १९५००.०० | |
| ६८६।०८०।३।२४ | बिरासत मिडिया प्रा.लि.(६१०१६०६९७) | ३००००.०० | |
| ६८६।०८०।३।२४ | इफोकस मिडिया प्रा.लि.(६१०२७२८६६) | २००००.०० | |
| ६८६।०८०।३।२४ | समायोजन खवर मिडिया प्रा.लि. | ३५०००.०० | |
| ६८६।०८०।३।२४ | नागेश्वर मिडिया एणड एडभर्टाइजिङ प्रा.लि. | ३५०००.०० | |
| ६८६।०८०।३।२४ | सम्वृद्ध सञ्चार प्रा.लि. | ३३९००.०० | |
| ६८६।०८०।३।२४ | रुपाकोट मिडिया प्रा.लि. | ३००००.०० | |
| ६३२।२०८०।३।२१ | हिमाल एफ.एम.(३०५११५५३९) | ७०५४०.०० | ० |
| ४३१।२०८०।१।१० | समायोजन खवर मिडिया ग्रुप प्रा.लि. | ५००००.०० | |
| ४२७।२०८०।१।९ | पिस नेपाल मल्टिप्रपोज(६०९६२९१३८) | १०००००.०० | |
| ४२७।२०८०।१।९ | विश्व खवर मासिक पत्रिका | १५०००.०० | |
| ४२७।२०८०।१।९ | प्रभाव न्युज नेटवर्क प्रालि (६०९६२९१३८) | १०००००.०० | |
| ४२७।२०८०।१।९ | हलेसी खवर पत्रिका(६००८६४३०१) | १०००००.०० | |
| ३५१।२०७९।१२।८ | पार्श्व मिडिया प्रा.लि.(६०६६०८२४६) | १४५२६२.०० | २५ |
| **जम्मा** | | **१५२४७६३.००** | |

सैद्धान्तिक बेरुजु

३९ **बिल भरपाई पेश नभएको खर्च -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । देहायको भौ.नं. र मितिबाट विल भरपाई वेगर रु. २४४०००.०० खर्च लेखेको देखियो।सो खर्च पुष्टि गर्ने विल भरपाई नभएकोले खर्च पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्दछ, अन्याथा उक्त रकम सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला हुनुपर्ने, रू.

| भौ.नं./मिति | भुक्तानी लिनेको नाम | लेखेको खर्च रु. | विल भरपाईमा भएको रु. | बढी खर्च लेखेको रु. |
|---|---|---|---|---|
| २८७।०७९।१०।२७ | साकार मिडिया एण्ड टेक्नोलोजी प्रा.लि. | ४५०००.०० | ०.०० | ४५०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ४१४।०८०।१।६ | रजिन राई | ४९०००.०० | ०.०० | ४९०००.०० |
| **जम्मा** | | | | **९४०००.००** |

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु.१,५०,००० ।- सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,००० |

४० **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४, को ८५(१क) मा वीस लाख सम्मको औषधी जन्य माल सामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत स्वास्थ्य संस्थामा खपत हुने औषधी खरिद गरेकोमा देहायका आपुर्तिकर्ताले उत्पादक कम्पनीले राष्ट्रिय स्तरको बिक्रि मुल्य प्रकाशन गरेको प्रमाण पेश भएको छैन । कानूनले तोकेको प्रकृया वेगर खरिद गरिएको औषधी तोकिएको गुणस्तरमा प्रतिस्पर्धात्मक रुपमा खरिद भएको आधार देखिएन ।पालिकाले नियमावलीको पालना गर्नुपर्दछ ।

| गो.भौ.नं. | आपुर्तक | रकम रु. |
|---|---|---|
| ६५१।२०८०।३।२२ | गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि. | ६७१८३३.०० |
| ४६३।२०८०।१।२९ | गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि. | १००१४६.०० |
| **जम्मा** | | **७७१९७९.००** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **सक्कल विल भरपाई -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदखी बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिन भित्र कर अधिकृत समक्ष तोकिएको ढाँचामा कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । देहायका गा.भौ.नं./मितिबाट देहायका आपुर्तकलाई मशलन्द तथा कार्यालय सामाग्री खरिद गरे वातको भुक्तानीमा मू.अ. कर रु २७८३२.०० समेत रु. २४१९२५.०० भुक्तानी भएको फाटवारीमा फोटोकपी विजक संलग्न गरी खर्च गरेको पाईएको हुँदा सक्कल बिल भरपाई पेश हुनु पर्दछ अन्यथा मू.अ.कर बापत भुक्तानी भएको रकमको समायोजन पेश गर्नुपर्ने अन्यथा रु. २७८३२.०० असुल हुनु पर्ने रु.,

| भौ.नं./ मिति | खरिद गरिएको/ सेवा लिइएको | आपुर्तक/सेवा प्रदायक | मू.अ.कर रकम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| ६८५।२०८०।३।२४ | सवारी साधन मर्मत | खोटाङ हलेसी सप्लायर्स(११८१४६६३०) | ७४६.०० | ६४९०.०० |
| ३९१।२०७९।१२।२० | समृद्ध ऐसेलुखर्क रेडियो कार्यक्रम | हिमाल एफएम(३०५११५५९९) | २७०८६.०० | २३५४३५.०० |
| **जम्मा** | | | **२७८३२.००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,८३२ |

४२ **कर्मचारी सरुवा भ्रमण भत्ता -** भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकका निम्नानुसारका कर्मचारी सरुवा भई अन्यत्र कार्यालयबाट यस गाउँकार्यपालिकाको कार्यालयमा हाजिर हुन आउदा आउन जान लाग्ने वास्तविक दिन भन्दा बढी दिनको भ्रमण खर्च र भ्रमण भत्ता वापत रु.२१०००.०० बढी भुक्तानी भएको छ ।बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

| कर्मचारीको नाम | सरुवा भएर गएको कार्यालयय | लगाएको दिन | परिवार संख्या | लाग्ने दिन | भुक्तानी दिएको रकम रु. | भुक्तानी दिनुपर्ने रकम रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| प्र.प्र.अ. हिरा कुमारी यादव | कचनकवल गाउँपालिका झापा | ५ | ४ | २ | ५००००.०० | ३४०००.०० | १६०००.०० |
| ले. अ. छैठौं तारानाथ दाहाल | अनिवार्य अवकास (झापा) | ५ | ४ | २ | ३५०००.०० | ३००००.०० | ५०००.०० |
| | **जम्मा** | | | | | | **२१०००.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,००० |

४३ **रेफ्री पारिश्रमिक**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२७ को निर्णयबाट रु.६,७५० ।- सम्परीक्षण गरिएको ।)

४४ **अपांग भत्ता वितरण**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२,४०० ।- सम्परीक्षण गरिएको ।)

४५ **हलुका सवारी साधन चालक तालिम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले त्यस्तो परामर्स सेवाको लागत अनुमान सम्बन्धी नमर्स तयार गरेको भए त्यस्तो नमर्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त आदीको आधार लिई मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, परामर्शदाताले तालीम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नु पर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च खुलाएर अनुसूची १क. को ढाँचामा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले १४ जना युवाहरुलाई ०८० जेठ ५ गतेदेखी जेठ २५ गते सम्म हलुका सवारी चालकको तालिम दिएवापत त्रिपुर इन्जिनियरिङ्ग प्रा.लि.लाई रु.४९८१३०.०० भुक्तानी गरेकोमा सो कार्यसँग सम्बन्धित लागत अनुमान तयार गरेको देखिएन ।यसरी भुक्तानी गरेको रकम प्रति प्रशिक्षार्थि रु ३५५८०।- देखिन्छ । साथै कति जना प्रशिक्षकले प्रशिक्षण दिनुपर्ने र दिएको स्पष्ट नभएकोले सो तालिम कार्यक्रममा गरेको खर्च नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९८,१३० |

## ४६ कर्मचारी तालिम र सिप विकास

४६.१ **संयोजक भत्ता -** मन्त्रालयले तोकेको मापदण्ड कार्यसञ्चालन निर्देशिका २०७७ को सि.नं. ७.१.१५.७ मा संयोजक भत्ता अधिकतमम १५ कार्यदिनसम्म गाउँपालिकास्तरमा प्रतिदिन रु.३०० र १५ दिनपछि प्रतिदिन रु.७५ पाउने व्यवस्था छ । तपसिलको तालिममा १५ दिन भन्दा बढी दिनको कार्यक्रममा पनि संयोजक भत्ता रु.३०० का दरले भुक्तानी गरिएको छ । निर्देशिकाले तोकेको मापदण्ड भन्दा बढी दरमा भुक्तानी भएको रु.१७,२१३.०० नियमानुसार असुल गर्नुपर्ने रु

| भौ.नं. र मिति | तालिमको विषय | संयोजक | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३१५-०८०।३।१८ | सिलाई कटाई (६० दिन) | विना कुमारी बुढामगर | १५३०० | ६६९४ | ८६०६ |
| **जम्मा** | | | | | **८६०६** |

(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.८,६०७ ।- सम्परीक्षण गरिएको ।)

| असुल गर्नुपर्ने | ८,६०६ |
|---|---|

४६.२ **लघुउधम विकास कार्यक्रममा प्रशिक्षक भत्ता**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.५,१०० ।- सम्परीक्षण गरिएको ।)

४६.३ **सहजिकरण भत्ता**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.७,४०० ।- सम्परीक्षण गरिएको ।)

४७ **राष्ट्रपति महिला उत्थान जिविकोपार्जन -** राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धि मापदण्ड २०७७ को दफा २१(२), अनुसार संस्थाको व्यवसाय संचालन खर्च अनुदान रकम एकमुष्ठ लक्षित महिलाको बैंक खातामा उपलव्ध गराउनुपर्ने र दफा १७ अनुसार तथा समुह र पालिका विच भएको सम्झौतामा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रममा रु.७,५०,०००.०० मध्ये २५ जना महिलालाई रु.२६,०००.०० का दरले भरपाई गराई र रु.१,००,०००.०० पारीजात स्वास्थ्य आमा समुहको खातामा भुक्तानी गरिएको छ ।कानूनी मापदण्डको विपरित रहेर लक्षित महिलाको बैंक खातामा उपलव्ध नगराई भरपाई गराएर भुक्तानी गरिएको र सम्झौता अनुसार अनुगमन भएको नदेखिएकोले नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ६,५०,००० |
|---|---|

## ४८ शिक्षा तर्फ देखिएका व्यहोरा

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन । मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको

सैद्धान्तिक बेरुजु

४९ **शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक र विद्यार्थीको अनुपात कम हुने विद्यालयलाई भौगोलिक अवस्था अनुसार मर्ज गरेर सञ्चालन गरि खर्चलाई मितव्ययी वनाउनुपर्दछ । साथै शिक्षक दरवन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **निकासा लेजर -** गाउँलिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन। गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **परीक्षा संचालन खर्च -** शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयबाट २०७९।४।१७ मा स्वीकृत तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित २०७९।८० को कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कक्षा ८ को परीक्षा व्यबस्थापनका लागि प्रति बिद्यार्थी रु.२७५/- का दरले खर्च गर्नु पर्ने व्यबस्था छ । यस पालिका अन्तर्गत संचालित सामुदायिक बिद्यालयहरुमा कक्षा ८ मा २७२ जना बिद्यार्थी रहेकोमा प्रति बिद्यार्थी रु.२७५ का दरले हुन आउने रु.७४,८००/- मात्र खर्च लेख्नु पर्नेमा पालकाले भौ.नं. ३१६।०८०।३।१८ बाट रु.३,७१,०७३/- संस्थागत क्षमता बिकास परीक्षा संचालन एवं बिद्यार्थि मूल्यांकनमा नर्म्सभन्दा बढी खर्च लेखेको देखिएको छ । कक्षा १ र ५ को परीक्षा संचालन खर्च पनि

शंघीय शसर्तबाट लेखेको साथै कक्षा १ र ५ को परीक्षा संचालनका लागि अनुदानको व्यबस्था नभएकोले उक्त खर्च रु.२,९६,२६३/- गाउँपालिकाबाट संघीय सशर्त खातामा फिर्ता हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९६,२६३ |

५२ **ईन्टरनेट जडान कार्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले बिद्यालय संचालन तथा व्यवस्थापन अनुदान शीर्षकमा ईन्टरनेट जडान कार्य वापत १५ बिद्यालयलाई प्रति बिद्यालय रु.१२०००/- का दरले रु.१८००००। अनुदान निकासा गरेकोमा देहायका ८ बिद्यालयहरुबाट उक्त खर्चलाई पुष्टी गर्ने प्रमाण कागजात पेश नभएकोले खर्चका प्रमाण कागजात पेश हुनु पर्ने अन्यथा उक्त रकम फिर्ता हुनु पर्ने रु.

| क सं | बिद्यालयको नाम | रकम |
|---|---|---|
| १ | त्रिभुवन मा वि ऐसेलुखर्क-३ | १२००० |
| २ | जनकल्याण प्रा वि ऐसेलुखर्क-३ | १२००० |
| ३ | शान्तोदय मा वि ऐसेलुखर्क-६ | १२००० |
| ४ | मानुका आ वि ऐसेलुखर्क-७ | १२००० |
| ५ | हिरा प्रा वि ऐसेलुखर्क-५ | १२००० |
| ६ | कालिका वा.वि. मा वि ऐसेलुखर्क-१ | १२००० |
| ७ | शिसु मा बि-५ | १२००० |
| ८ | लाल बौद्द आ बि-३ | १२००० |
| **जम्मा** | | **९६०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,००० |

५३ **शीर्षक फरक परेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(१) बमोजिम स्वीकृत बजेट कार्यक्रम र उपलब्ध श्रोतको आधारमा खर्चको आदेश दिनु पर्ने व्यबस्था छ। गाउँपालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निम्नानुसारका कृयाकलापमा शीर्षक फरक पारी रु.४६६५२४/- खर्च भुक्तानी गरेको देखिएको छ । यसरी कृयाकलापको शीर्षक फरक पारी खर्च गरेकोमा नियमाबलीमा भएको व्यबस्था अनुसारको रकमान्तर तथा श्रोतान्तर गरेको नदेखिएकोले उक्त खर्च अनियमित देखिएको रु.

| भौ नं मिति | खर्च लेख्नु पर्ने कृयाकलाप | खर्च लेखेको कृयाकलाप | रकम |
|---|---|---|---|
| ३२८।०८०।३।२० | सार्बजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान २२३१३ | आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकहरुको थप तलब भत्ता खर्च शीर्षक २११११ | ३०५३४९ |

| | | | |
|---|---|---|---|
| ३३०।०८०।३।२० | तोकिएको बिद्यार्थीका दिवा खाजाका लागि बिद्यालयलाई अनुदान २२५२२ | आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकहरुको थप तलब भत्ता खर्च शीर्षक २११११ | ८८३७५ |
| ३३२।०८०।३।२० | प्रति बिद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई साममाग्री व्बस्थापनका लागि बिद्यालयलाई अनुदान २२५२२ | आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकहरुको थप तलब भत्ता खर्च शीर्षक २११११ | ७२८०० |
| **जम्मा** | | | **४६६५२४** |

| | |
|---|---|
| अनियमित भएको | ४,६६,५२४ |

५४ **छात्रवृत्तितर्फ बढी निकासा -** शिक्षा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं सि.नं.४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा छात्रवृत्ति अनुदान दिने र सो अनुदान वितरणको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । विद्यालयले पेश गरेको छात्रवृत्ति अनुदान वितरणको भरपाई नमूना परीक्षण गर्दा देहायका बिद्यालयमा IEMIS मा प्रविष्ट बिद्यार्थी संख्या भन्दा बढी हुने गरी छात्रबृति रकम निकासा गरेकोले उक्त रु १२४०० असूल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नेपर्ने रु.

| बिद्यालयको नाम | IEMIS मा प्रविष्ट संख्या | निकासा गरेको संख्या | बढी संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| त्रिभुवन मा बि ३ | १५६ | १६१ | ५ | ४०० | २००० |
| सेती प्रा बि ३ | १२ | १४ | २ | ४०० | ८०० |
| कालिका माध्यमिक बिद्यालय ५ | ४२ | ५२ | १० | ४०० | ४००० |
| सन्तोदय मा बि ६ | २५ | २८ | ३ | ४०० | १२०० |
| कालिका प्रा बि ७ | ० | ७ | ७ | ४०० | २८०० |
| गुराँस आ बि | ७२ | ७६ | ४ | ४०० | १६०० |
| **जम्मा** | | | | | **१२४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,४०० |

५५ **कार्यसम्पादन प्रतिवेदन -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका

लागि देहायका विद्यालयलाई रु.१००००००० ।- निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गोश्वरा भौचर र मिति | विद्यालयको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ४४-२०७९।१२।३० | कालिका बालविकास मा वि | ४ कोठे भवन | ५००००० |
| ४२- २०७९।१२।२९ | शिसु मा वि | ४ कोठे भवन | ५००००० |
| जम्मा | | | १०००००० |

| प्रमाण पेश नगरेको | १,००,००,००० |
|---|---|

५६ **बढी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले भौ नं १४।२०७९।६।१३ बाट मेशिनरी तथा औजार शीर्षकमा ईकिमा ईन्टरप्राईजेज प्रा लि बाट रु.६९८९००/- मा मोटरसाईकल १ थान खरिद गरेकोमा भुक्तानी रु.६९९९०० खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रु.१००० असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,००० |
|---|---|

५७ **स्यानिटरी प्याड बितरण -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। गाउँपालिकालाई यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यबस्थापनका लागि रु.७१५००० बजेट व्यवस्था भएकोमा रु.६९२६९०/- रकमको १४००० प्याकेट स्यानिटरी प्याड कोटेशनको माध्यमबाट प्रतिप्याकेट मू.अ.कर समेत रु.४७।४६ का दरले सजिव सप्लायर्स दिक्तेल खोटाङबाट खरिद गरेको देखिएको छ । यसरी खरिद गरेको स्यानिटरी प्याड सम्बन्धित बिद्यालयमा बितरण नगरी पालिकको भण्डारमानै मौज्दात रहेकोमा लेखापरीक्षणका क्रममा १६ बिद्यालयमा बितरण भएको भरपाई पेश भएको छ । सेनिटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था रहेको, साथै पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखि बितरण गरेको उचित देखिएन । यसरी खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पनि देखिएन । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने र पालिकाले उक्त प्याडहरु प्रत्येक बिद्यालयलाई उपलब्ध गराएकोमा सो को अभिलेख अलग अलग रुपमा राख्ने तथा बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा

व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्थाको पालना भएको देखिएन । गाउँपालिकाले कार्यविधिको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **सामाजिक सुरक्षा कार्यक्रमतर्फ देखिएका व्यहोरा -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.७,३५,३९,३१४/- प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

**प्रतिबेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनुपर्ने सम्बन्धि व्यवस्था छ । यस सम्बन्धि विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

५९ **लगतकट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा तपसिलको लाभग्राहीको लगत कट्टा गरिएको विवरण पेश गरेकोमा कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्ने उक्त प्रकृया पुरा गरेको देखिएन । साथै धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिक गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।

| वडा नं | सामाजिक सुरक्षा किसिम | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | ज्येष्ठ नागरिक ( अन्य ) | ज्येष्ठ नागरिक ( दलित ) | ज्येष्ठ नागरिक (एकल महिला ) | विधवा | पूर्ण अपाङ्गता | अति अशक्त अपाङ्गता | दलित वालवालिका | |
| १ | ११ | ० | ० | २ | ० | ० | ५ | १८ |
| २ | ६ | ० | १ | ० | ० | १ | २ | १० |
| ३ | ९ | ० | ० | १ | ० | १ | १ | १२ |
| ४ | ३ | ० | ० | ० | ० | ० | १ | ४ |
| ५ | ३ | १ | ० | २ | २ | ० | ३ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ७ | ० | ० | ० | ० | ० | ५ | १२ |
| ७ | ४ | ० | १ | २ | ० | ० | ८ | १५ |
| **जम्मा** | ४३ | १ | २ | ७ | २ | २ | २५ | ८२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **लगतकट्टा पछि भत्ता बितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने सम्बन्धि व्यवस्था छ । गाउँपालिकाबाट सामाजिक सूरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर यस पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको छ । गाउँपालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रु.४८२६४/- भुक्तानी दिएको देखिन आएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| क्र सं | लाभग्राहीको नाम | वडा नं | नागरिकता नं | लगत कट्टा मिति | भुक्तानी पाउने | भुक्तानी भएको | लगत कट्टा पछि भुक्तानी भएको रकम/ बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | जान सरि राई | १ | १२३०६८/२७५ | ०८/२७/२०७९ | २०००० | ३६००० | १६००० |
| २ | भक्त कुमारी राई | २ | ४१९१ | ०६/०६/२०७९ | ८८०० | १२००० | ३२०० |
| ३ | शुभलक्ष्मी राई | २ | १२१०६९/३७८ | ११/३०/२०७९ | ३२००० | ३६००० | ४००० |
| ४ | सन्तुराम पुरी | २ | ४५९३ | २०८०।१।१ | ३६००० | ४८००० | १२००० |
| ५ | जगत बहादुर दाहाल | ३ | ५२८५ | ०७/०१/२०७९ | १२००० | २४००० | १२००० |
| ६ | बिम्बामाया कामि | ५ | १२०१०७६२८ | ०६/१८/२०७९ | ६९१६ | ७९८० | १०६४ |
| **जम्मा** | | | | | | | **४८२६४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,२६४ |

६१ **एम.आई.एस विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सहितको बिबरण

सम्बन्धित स्थानीय निकायले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि यस गाउँपालिकाले सो बिबरण आफ्नो वेभसाइटमा राखेको देखिएन । अत पालिकाले कार्यबिधिको पालना गर्नु पर्दछ ।

**एम.आई.एस विवरण अद्यावधिक नभएको -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एमआईएस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेख सिस्टम मार्फत परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं दोहोरिएको तथा नाम दोहोरो रहेको देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भैसकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको लाभग्राहीहरुको नागरिकता नं एउटै भएकोमा पनि भत्ता भुक्तानी गरेको देखिएकोले हुँदा गाउँपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई,प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

६३ **भवन निर्माण**

**संस्थालाई भवन निर्माण अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै जनताको जीवनस्तरमा सुधार हुने एबं आर्थिक बृद्धिमा सघाउ पुग्ने गरी योजना छनौट गरी प्राथमिकताको आधारमा काम सम्पन्न गर्नु पर्नेमा यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१९३२०००/- अनुदान उपलब्ध गराएका छन्।तर उपलब्ध गराएको उक्त अनुदानबाट उपरोक्त बमोजिम सेबा प्रबाहमा तथा जीवनस्तरमा सुधार हुने सुनिश्चित छैन। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| भौ नं मिति | भुक्तानी पाउने उपभोक्ता समिति | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| २०७।२०८०।१।२४ | दुम्किन भवन निर्माण उपभोक्ता समिति | दुम्किन भवन निर्माण | ३८४००० |
| १६८।२०७९।१२।८ | चैनटार सामुदायिक भवन निर्माण उपभोक्ता समिति | चैनटार सामुदायिक भवन निर्माण | ६७२००० |
| २१७।०८०।२।१ | वम महासंघ भवन निर्माण उपभोक्ता समिति | वम महासंघ भवन निर्माण | ५७६००० |

| | | | |
|---|---|---|---|
| १५४।०७९।१२।३ | ऐसेलुखर्क क्रिष्चियन भवन उपभोक्ता समिति | ऐसेलुखर्क क्रिष्चियन भवन | ३००००० |
| **जम्मा** | | | **१९३२०००** |
| | | सैद्धान्तिक बेरुजु | |

६४ **जडान तथा जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारका भौ नं बाट वडा कार्यालय साथै बिभिन्न बिद्यालयहरुमा २० थान बिद्युतिय हाजिरी मेशिन खरिद तथा जडान कार्यक्रमवापत एल एण्ड एस ईन्फोसिस ईटहरीलाई रु. ४९३८१० भुक्तानी गरेको देखिएकोमा उक्त सामग्रीहरु जडान तथा बिद्यालयले आप्नो जिन्सीमा आम्दानी गरेको प्रमाण संलग्न भएको नदेखिएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं मिति | खरिद सप्लायर्स | प्रति ईकाई मूल्य रकम | परिमाण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २५१।०८०।३।६ | एल एण्ड एस ईन्फोसिस ईटहरी | २४६९० | २० थान | ४९३८१० | सम्बन्धित बिद्यालयहरुमा उक्त मेशिन जडान भएको प्रमाण तथा बिद्यालयले उक्त मेशिन आफ्नो जिन्सिमा आम्दानी गरेको प्रमाण संलग्न नभएको |
| **जम्मा** | | | | ४९३८१० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९३,८१० |

६५ **साना सिँचाई कार्यक्रम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, डण्डी, ईन्धन, मेशिन तथा उपकरणको भाडा, कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले सिँचाई योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा देहायका निर्माण कार्यहरु स्वीकृत दररेट अनुसार गाउँपालिकाले निर्धारण गरेको दरभन्दा एस आई पी को परामर्शदाताले लिड समेत दिएर फरक दर राखि भुक्तानी गरेको देखियो । गाउँपालिकाले सोही स्थानहरुमा गाउँपालिकाको स्रोतबाट संचालित सिँचाई योजनाहरुको निर्माण कार्य गर्दा गाउँपालिकाले स्वीकृत गरेको दर विश्लेषणको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले एकै स्थानका एकै प्रकृतिका निर्माण कार्यहरुमा फरक दर राखि निर्माण कार्य गराउँदा गाउँपालिका लाई बढी व्ययभार परेको देखिन्छ ।निम्नानुसार ४ योजनामा २ आईटमको तुलना गर्दा देहायबमोजिम रु व्ययभार पेरको देखिन्छ । पालिकाले यस्ता विषयमा ध्यान पुर्यानुपर्ने देखिन्छ ।

| सिँचाई योजना | कामको नाम | परिमाण घ.मी. | भुक्तानी दर | पालिकाको स्वीकृतदर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| तिप्सिनेकुलो | Stone soling | ४७.९९ | ४०६५.३६ | ३८७०.११ | ९३७०.०४ |
| | पि.सि.सि (१:२:४) | ८१.७१ | २१०२७.३१ | १७१५९.५२ | ३१६९३७.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| रातो छ्याङ् अधेरीकुलो | पि.सि.सि (१:२:४) | ७३.७५ | २०७६९.५७ | १७१५९.५२ | २६६२४१.२ |
| सिस्नेरीकुलो काभ्रेखेत कुलो सिंचाई योजना | Stone soling | १८.८२ | ४०६५.३६ | ३८७०.११ | ३६७४.६ |
| | पि.सि.सि (१:२:४) | ३३.४८ | २१११६.३१ | १७१५९.५२ | १३२४७३.३ |
| काली खोला खुल्दु सिंचाई योजना | Stone soling | ३३.५७ | ३८८७.१६ | ३८७०.११ | ५७२.६३ |
| | पि.सि.सि (१:२:४) | ६३.२१ | २०६८०.५७ | १७१५९.५२ | २२२५६५.६ |
| | **जम्मा** | | | | **९५०९३५.२** |

सैद्धान्तिक बेरुजु

६६ **नेपाल मध्यस्थता परिषद -** नेपाल मध्यस्थता परिषद नेप्का लाई भुक्तानीः गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न रुजन के जगदम्वा भुवानेश्वरी जे भी संग सम्झौता भएकोमा सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्नेमा गुणस्तरीय काम नगरेको कारणले पालिकाले ठेक्का तोडेको देखिएको छ र उक्त सम्झौतामा उत्पन्न भएको बिबाद समाधानको लागि गठित मध्यस्थताको पारिश्रमिक बापत गाउँपालिकको प्रशासकिय भवन निर्माण शीर्षकमा कन्टिन्जेन्सी शीर्षकबाट नेपाल मध्यस्थता परिषद नेप्का लाई भौ नं ५८।०७९।१०।६ बाट रु.४४०४९१/- तथा भौ नं २११।०८०।१।२७ बाट रु.१६९५००/- समेत रु. ६०९९९१/- भुक्तानी भएको छ । उक्त बिबाद तत्काल समाधान गरी कार्य अगाडी बढाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६७ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७(६)मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ भन्ने व्यबस्था छ । गाउँपालिका र बेब्ला सामुदायिक बैठक कक्ष निर्माण उपभोक्ता समिति बिच सम्झौता भई सोही बमोजिमको भुक्तानी भएको देखिएको छ । जसको परीक्षण गर्दा उक्त बैठक कक्ष निर्माणका लागि ईटाको कार्यको परीक्षण गर्दा Brick Work १:६ c/s in Superstructure कार्य ५।९५ घ मी गरेको र सोही अनुसार उक्त कार्यको प्रति घ मी रु.२६८५३।७१ का दरले भुक्तानी भएको छ । उक्त कार्यको दर बिष्लेषणमा प्रति घ मी ५३० गोटा ईटा प्रयोग हुने र उल्लेख भए अनुसार उक्त परिमाणको कार्यका लागि ३१५५ गोटा आवश्यक पर्ने देखिन्छ । उपभोक्ताले पेश भरेको ईटा खरिदको बिल भरपाई परिक्षण गर्दा २८०० गोटा मात्र खरिद गरेको देखिएकोले नर्मस भन्दा ३५५ गोटा ईटा कम खरिद गरेको देखिन्छ । कम खरिद भएको ३५५ वटा ईटाको खोटाङ जिल्लाको आ.ब. २०७९।८० को जिल्ला दररेट अनुसार प्रति गोटा रु.३७।४० का दरले हुन आउने रु.१३२७७। मा उपभोक्ता समितिको योगदान रु.१३२७ कम गरी रु.११९५०। असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९५० |

६८ **दर विश्लेषण भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स बमोजीम र नर्म्स नभएको अवस्थामा आवश्यक

नर्म्स तयार गरि नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत गराई स्विकृत नर्म्स बमोजीम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले आ.व २०७९।८० का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषण अनुसार निम्न उपभोक्ता समितिसंग देहायको कार्य गर्नका लागि निम्नानुसारको दर कायम रहेकोमा भुक्तानी दिंदा दर फरक पारी भुक्तानी दिएकोले बढी दरमा भुक्तानी भएको रु.३१७७१।-रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,७७१ |

**(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९ **अनुपातिक कट्टी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपलिकालले निम्न योजनामा उपभोक्तासंग भएको सम्झौता भन्दा बढी हुने गरी भुक्तानी गरेको देखिएको छ ।

क) वडा कार्यालय व्यबस्थापन उ स वडा नं ६ लाई वडा कार्यालय व्यबस्थापन शीर्षकमा बिभिन्न निर्माण कार्यको लागि कार्यालयको अंश ८५ प्रतिशत र बाँकी उ.स को श्रमदान रहने गरी उपभोक्ता समिति सँग सम्झौता गरी कार्य गरी रु.५८४२६२ मा कार्य सम्पन्न गरेकोमा आनुपातिक दर बमोजिम रु.४९६६२३/- भुक्तानी हुनुपर्नेमा रु.५,०१,७००/- भुक्तानी गरेकोले बढी भुक्तानी रु. ५०७७। असूल हुनुपर्ने रु.

ख) सुम्तेल खानेपानी ट्यांकी निर्माण उ स वडा नं लाई ट्यांकी निर्माण कार्यको लागि कार्यालयको अंश ८५ प्रतिशत र बाँकी उ.स को श्रमदान रहने गरीउपभोक्ता समिति सँग सम्झौता गरी कार्य गरी रु.१११०४०/- मा कार्य सम्पन्न गरेकोमा आनुपातिक दर बमोजिम रु.९४३८४ भुक्तानी हुनुपर्नेमा रु.९६०००/- भुक्तानी गरेकोले बढी भुक्तानी रु. १६१६/- असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६९३ |

७० **हेभी मेशिन प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७।०७९।११।२९ | ज्यामिरेको फापर सद्रा सल्ले हुँदै नेपाने टयाक स्तरउन्नती | सडक स्तरउन्नती | ९६०००० | एक्साभेटर | ११३३०४१ |
| ३२।२०७९।१२।७ | खेलकुद मैदान निर्माण वडा नं ३ | ग्राउण्ड सम्याउने | ७११९०० | एक्साभेटर | ८४२९८० |
| ९३।२०७९।११।१५ | वाकाचोल वादेल सडक स्तरउन्नती | सडक स्तरउन्नती | ८५७००० | एक्साभेटर | ६९६५०७ |

| सैद्धान्तिक बेरुजु |
|---|

७१ **वडा कार्यालय भवन निर्माण -** गाउँपालिकाले वडा कार्यालय भवन निर्माणका लागि वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति वडा नं ७ संग आ ब २०७६।७७ मा रु.४५३९९६०/- को लागत अनुमानमा रु.३८४०००० गाउँपालिकाले भुक्तानी गर्ने गरी सम्झौता गरी कार्य गरेको देखिएको छ । उक्त कार्यको लागि आ ब २०७६।७७ मा पेश्की रु. १२६७०००/- भुक्तानी भएकोमा उक्त पेश्की आ .ब २०७९।८० मा फछ्यौंट भएको छ । यस बर्ष उक्त उपभोक्ता समितिलाई रु.१७०७८३२ भुक्तानी समेत हालसम्म रु.२९७४८३२/- रकम भुक्तानी भएको देखिएको छ । उक्त कार्यको हाल सम्मको कार्यसम्पन्न प्रतिबेदन अनुसार रु.२८८४८१८/- को मात्र काम भएको देखिएकोले रु.२९७४८३२/- भुक्तानी दिएको देेखिएकोले बढी भुक्तानी भएको रु.९००१४/- असूल हुनुपर्ने रु.

उक्त कार्यका लागि आ ब २०७६।७७ मा सम्झौता भई कार्य अगाडी बढेकोमा के कति कारणले गर्दा काममा ढिलाई भएको हो सो सम्बन्धमा यकिन हुन सकिएन साथै लेखापरीक्षणको क्रममा उक्त भवनको स्थलगत अबलोकन गरिएकोमा भवनमा भएका कार्यहरु मध्ये आईटम नं १७ को Providing and Laying ३ mm cement punning in floor,laying को कार्य भएको देखिएन । यसरी कार्य नभएको अबस्थामा पनि उक्त कार्य २५९९।७१ परिमाणमा गरेको देखाई प्रति बर्ग मी रु. २४।६९ का दरले हुन आउने रकम रु ६४१८६। भुक्तानी गरेको देखिएकोले नभएको कामको भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,५४,२०० |
|---|---|

७२ **खर्चको अनुपात नमिलेको -** साना सिंचाई योजनाको कार्यान्वनयको लागि स्विस सरकारको ३० प्रतिशत, संघीय सरकारको २० प्रतिशत, प्रदेश सरकारको २० प्रतिशत, सम्बन्धित स्थानिय तहको २० प्रतिशत र उपभोक्ता समितिको योगदान १० प्रतिशत लागत हुने गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष भुक्तानी भएका विभिन्न ४ आयोजनामा निम्नानुसार रु १००१३५२५।- खर्च भएकोले खर्च गर्नुपर्ने अनुपात भन्दा बढी खर्च भएको देखिन्छ ।यसरी हेर्दा नेपाल सरकारको बढी खर्च भएको देखिन्छ । यसरी अनुपात नमिलेको रकम सम्पन्न हुन बाँकी योजनामा अनुपात मिल्ने गरी खर्च गर्नुपर्ने देखिन्छ ।

| खर्चको श्रोत | खर्च भएको रकम | खर्च हुनुपर्ने रकम | बढी खर्च भएको |
|---|---|---|---|
| नेपाल सरकार | २१४४४१३.६५ | २००२७०५.१५ | १४१७०८.५ |
| कोशी प्रदेश सरकार | १९४८०७२.०० | २००२७०५.१५ | (५४६३३.१५) |

| | | | |
|---|---|---|---|
| स्थानीय सरकार | १९२५३४१.०० | २००२७०५.१५ | (७७३६४.१५) |
| नेपाल सरकार ( **SDC** तर्फ) | २९८५५१०.०० | ३००४०५७.७३ | (१८५४७.७३) |
| उपभोक्ताको योगदान | १०१०१८९.१४ | १००१३५२.५७ | ८८३६.५७ |
| **कुल खर्च** | **१००१३५२५.७९** | **१००१३५२५.७९** | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **ईलाका प्रहरी गेट निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१)(ख) मा वास्तविक कार्यसम्पादनको आधारमा नापजाँच गरी बिल, बिजकको रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ । ईलाका प्रहरी गेट निर्माण कार्य रु.१,१२,४७९.०० मा सम्पन्न गरी रु.९५,६००.०० भुक्तानी गरिएको छ । नापी किताबमा उल्लेख गरे अनुसार मेनगेटमा पेन्टिङ्ग कार्यको १५.६० (१०.९२+४.६८) स्क्वायर मिटरको भुक्तानी गर्नुपर्नेमा १०६.७६ (७५.५६+३१.२०) परीमाणको भुक्तानी गर्दा नापी किताव भन्दा ९१.१६ स्वायर मिटर बढी परीमाण भुक्तानी भएको छ । नापी किताबमा उल्लेख भए भन्दा बढी परीमाण भुक्तानी भएकोले रु.२८,२२२ को जनश्रमदान १५ प्रतिशत कट्टी गरी बाँकी रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | कार्य | नापी किताबको परीमाण | भुक्तानी परीमाण | बढी परीमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | मेन गेटमा रंगरोगन कार्य | १०.९२ | ७५.५६ | ६५.०४ | ३४४.६४ | २२४३२ |
| ७ | मेन गेटमा रंगरोगन कार्य | ४.६८ | ३१.२ | २६.५२ | २१८.३४ | ५७९० |
| **जम्मा** | | | | **९१.१६** | | **२८२२२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,९८९ |

७४ **संघीय समपुरक अनुदान -** राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरकअनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं ६(१) मा नेपाल सरकारले समितिले छनौटगरेको आयोजना/कार्यक्रमकार्यान्वयनको लागि त्यस्तो आयोजनारकार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजन/ कार्यक्रम कार्यान्वयनबट हुनसक्ने उपलब्धी, आयोजना रकार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानिय तहालाई कुल लागतको अधिकतम ५०प्रतिशत रकम सपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ ।संघीय समपुरक अनुदान अन्तर्गत देउराली सडक निर्माण कार्यको लागि रु १२९०११८७.८३ खर्च भएकोमा संघीयःसरकारबाट ५० प्रतिशत रु ६४५०५९३.९१ मात्र खर्च लेखुपर्नेमा ९९९४६९५.५० खर्च लेखेकोले बढी खर्च लेखेको रकम रु ३५४४१०२।- संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,४४,१०२ |

७५ **एक्साभेटर / ट्याक्टर खरिद -** गाउँपालिकाले यस आ.व मा समानीकरण अनुदानबाट ब्रेकर सहितको स्काभेटर खरिदको लागि रु.१४५०००००।- को लागत अनुमान तयार गरी २०७९।८।८ मा सुचना प्रकाशन गरेको छ । सो अनुसार ५ वोलपत्र दर्ता भएकोमा प्राविधिक मूल्याङ्कनमा सबै NOT Comply उल्लेख गरी बोलपत्र रद्द गरेको छ ।पुनः २०७९।१०।२० दोश्रो पटक सुचना प्रकाशन गरि ३ वोलपत्र दर्ता भएकोमा १ वोलपत्रदाताले Qualification Requirement पुरा नभएको कारण प्राविधिक मूल्याङ्कनमा

फेल भएको कारण २ वोलपत्रदाताको मात्र आर्थिक मूल्याङ्कन गरेकोमा एक्सप्लोर अर्थ मुभर्स प्रा. ली को रु.१२९२०१५०।- को ठेक्का स्विकृत भएको छ। पालिकाको यस वर्षको आन्तरिक आम्दानी रु.३६५४२४२.६१ मात्र भएकोमा पालिकाले समानीकरण अनुदानबाट उक्त एक्साभेटर खरिद गरेको छ जुन यस वर्षको आन्तरिक आम्दानीको ३.४५ गुणा बढी देखिन्छ।साथै पालिकाले यस वर्ष समानीकरण अनुदानबाट रु.२६०००००।- को ट्र्याक्टर खरिद गरेको छ । जनताको जिवनस्तर सुधार हुने एवं आर्थिक बृद्धिमा सघाउ पुग्ने गरी योजना छनौट गरी प्राथमिकताको आधारमा गर्नुपर्नेमा पालिकामा गत विगतमा किनेको जे. सि. बि. समेत चालु अवस्थामा भएकोमा समेत समानीकरण अनुदानबाट पुनः ब्रेकर सहितको एक्साभेटर खरिद गरेको उपयुक्त देखिएन । पालिका संग एउटा व्या हो लोडर पहिले नै भएकोमा समेत विभिन्न वाटो खन्ने, सरसफाई लगायतका कार्य उपभोक्ता समिति मार्फत पनि गराई रहेको, पुरानो जे सि वाट कुनै आम्दानी प्राप्त नगरेको अवस्थामा पुन खरिद गरेको एक्साभेटरले पालिकामा मर्मत, चालकको तलब भत्ता र इन्धनमा बृद्दि हुने देखिन्छ । खरिद गरिएको उपकरणको पूर्ण परिचालन हुने सुनिश्चित वेगर समानीकरण बाट खरिद गरेको उचित देखिदैन । पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

| खरिद विवरण | लागत अनुमान | खरिद रकम | खर्च लेखेको श्रोत |
|---|---|---|---|
| ब्रेकर सहितको एक्साभेटर खरिद | १४५००००० | १२९२०१५० | नेपाल सरकार नगद अनुदान |
| ट्र्याक्टर खरिद | नभएको | २६००००० | नेपाल सरकार नगद अनुदान |
| | | ८५००० | आन्तरिक श्रोत |

सैद्धान्तिक बेरुजु

७६ **प्रदेश समपुरक अनुदान -** कोशीप्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा४मा आयोजनाकोप्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपनाआदिको आधारमा कूल लागतको बढीमा सत्तरी प्रतिशत रकम प्रदेश सरकारले समपुरक अनुदानकोरुपमा प्रदान गर्न सक्ने व्यवस्था छ ।प्रदेश सरकारको समपुरक अनुदानबाट निम्नानुसार योजनामा रु.१०५२७०५७.६२ खर्च भएकोमा प्रदेश समपुरक कार्यविधिले तोकेको अनुपात भन्दा बढी रकम रु.३१५८२१८।- प्रदेश सरकारबाट खर्च लेखेकोले बढी खर्च लेखेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नेपर्नेरु रु

| योजनाको नाम | खर्च रकम | प्रदेश सरकारबाट खर्च लेखुपर्ने | प्रदेश सरकारबाट खर्च लेखेको | बढी खर्च लेखेको | कैफियत |
|---|---|---|---|---|---|
| देशारे चित्रे महेश्वरी सडक स्तरोन्नती कार्यमा | ४९९७८०३ | ३४९८४६२ | ४९९७८०३ | १४९९३४१ | |
| ऐसेलुखर्क माक्पा रावाखोला सडक तरोन्नति | ५५२९२५४ | ३८७०४७७ | ५५२९३५४ | १६५८८७७ | |
| **कुल जम्मा** | **१०५२७०५७** | **७३६८९३९** | **१०५२७१५७** | **३१५८२१८** | |

| प्रमाण पेश नगरेको | ३१,५८,२१८ |
|---|---|

७७ **जिन्सी खातामा दाखिला भएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न गोश्वरा भौचर र मितिबाट विभिन्न विद्यालयम फर्निचर लागायतका सामग्री खरिद गरेकोमा उक्त समाग्री विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले सम्बन्धित विद्यालयको खर्च नभएर जाने जिन्सी खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गोश्वरा भौचर नं र मिति | बिद्यालयको नाम | खरिद सामग्री | रकम |
|---|---|---|---|
| ८५-२०८०।२।३० | श्री त्रिभुवन मा. वि | डेक्स वेन्च खरिद | १४४००० |
| ११२-२०८०।३।१३ | कालिका वालविकास मा वि | डेक्स वेन्च खरिद | १४४००० |
| **जम्मा** | | | **२८८०००** |

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु.९६,००० ।- सम्परीक्षण गरिएको ।)

| प्रमाण पेश नगरेको | २,८८,००० |
|---|---|

७८ **शिर्षक फरक परेको -** पालिकाको संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदानको लागि पेश गरेको प्रस्तावमा पहिलो वर्ष संघीय सरकारको १ करोड र पालिकाको २० लाख गरी १ करोड २० लाखको कार्यक्रम तथा योजना संचालन गर्ने उल्लेख भएकोमा २०७९।७।२२ को कार्यपालिका बैठकले उक्त कार्यक्रम संशोधन गरी विभिन्न ६ प्रकारका कार्यक्रम संघीय सरकारको अनुदानबाट मात्र संचालन गर्ने गरी निर्णय गरेको छ । यसरी स्विकृत प्रस्ताव विपरित खर्च गरेको उपयुक्त देखिएन साथै पालिकाले संशोधित स्विकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्नेमा निम्नानुसार शिर्षकमा फरक कार्यक्रममा रु ९९६३००।- खर्च लेखेको देखिएकोले उक्त रकम अनियमित देखिएको रु

| गोश्वरा भौचर र मिति | खर्च लेखेको शिर्षक | कामको विवरण | रकम |
|---|---|---|---|
| ८५-२०८०।२।३० | Computer teacher and subject wise teacher training | श्री त्रिभुवन मा वि फर्निचर खरिद | १४४००० |
| ९०-२०८०।२।३२ | Computer teacher and subject wise teacher training | श्री जालपमा मा वि भवन प्लाष्टर | ११५२०० |
| १०८-२०८०।३।३१ | Computer teacher and subject wise teacher training | श्री गुराँस आ वि छानो व्यवस्थापन | ९६००० |
| १०२-२०८०।३।५ | Computer teacher and subject wise teacher training | श्री जनचेतना प्रा वि कक्षा कोठा व्यवस्थापन | ५५५०० |
| ११४-२०८०।३।१५ | ICT Eduction digitization classroom, smart board | श्री सरस्वती प्रा वि वाल निर्माण | ३८४००० |
| १२०-२०८०।३।१८ | ICT Eduction digitization classroom, smart board | श्री भानु आ भू वि घेरावार | २०१६०० |
| **जम्मा** | | | **९९६३००** |

| अनियमित भएको | ९,९६,३०० |
|---|---|

७९ **लागत अनुमान तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी -आई पाइप, विजुलीका सामान, जी- आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले निम्नानुसार योजनामा ग्याविन जालीको कामको लागत अनुमान तयार गर्दा दर विश्लेषण गर्दाका वखत नै Mesh/Selvage wireको मुल्यमा मू.अ. कर थप गरेर राखेकोमा उक्त रकममा ओभरहेड र पुन मू.अ.कर थप गरी लागत अनुमान तयार गरेको कारण निम्मनानुसार ३ योजनामा रु.२५१०००.६४ को बढीको लागत अनुमान तयार भएको छ ।यसरी भएको लागत अनुमानबाट आयोजनाको कूल लागतमा बढोत्तरी हुनुका अतिरिक्त निर्माण व्यवसायीहरुबीच प्रतिस्पर्धा भएता पनि बास्तविक लागत अनुमानभन्दा कम मूल्यमा पनि ठेक्का संझौता हुने देखिन्छ।कार्यालयले लागत अनुमान तयार गर्दा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

| योजनाको नाम | ग्याबिनयनको कामको परिमाण | प्रति घनमिटरमा बढी भएको मू.अ.कर र सो को ओभरहेड | कुल बढी भएको रकम |
|---|---|---|---|
| ऐसेलुखर्क माक्पा रावाखोला सडक | ५१४.५० | २२५.७२ | ११६१३२.९४ |
| देशारे चित्रे महेश्वरी सडक | ८३ | २२५.७२ | १८७३४.७६ |
| देउराली सडक | ५१४.५० | २२५.७२ | ११६१३२.९४ |
| **जम्मा** | | | **२५१०००.६४** |

सैद्धान्तिक बेरुजु

८० **बढी भुक्तानी**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.१०,५०० ।- सम्परीक्षण गरिएको ।)

८१ **मालसामानमा ओभरहेड खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि १ मा निर्माण कार्यमा बाहेक मालसामान, परामर्श सेवा वा अन्य सेवाको खरिद कार्यमा १५ प्रतिशत ओभरहेड पाउने व्यवस्था छैन । पालिकाले देहायको झोलुङ्गे पुल निर्माण कार्य अन्तर्गत आवश्यक पर्ने Fabricated Steel Parts बोलपत्रको माध्य यमबाट खरिद गर्दा स्टिल पाट्र्सको लागत अनुमानमा निम्नानुसार १५ ओभरहेड समेत समाबेश गरेको देखिन्छ । सामान्यतया निर्माण कार्यमा ओभरहेड राख्न मिल्ने तर मालसामान खरिदमा ओभरहेड समावेश गर्न मिल्ने देखिदैन । कार्यालयले पुल निर्माण, फेव्रिव्रेशन स्टील पाट्स समेत एकमुष्ट निर्माण कार्ग गर्न ठेक्का लगाएको अवस्थामा उक्त कार्य मानिने तर स्टिल पार्टस र फेव्रिव्रेशनको खरिदलाई मालसामान खरिद मानिने हुँदा ओभरहेड हुन नसक्ने देखिन्छ । पालिकाले स्टिल पार्टश खरिदमा मालसमानमा निम्नानुसार ओभरहेड राखी भुक्तानी गरेको पाइयो ।सार्वजनिक खरिद ऐन बमोजिम मालसामान खरिद गर्दा ओभरहेड राख्न नसकिनेमा - ओभरहेड राखि ठेक्का बन्दोवस्त गरेबाट रु.१९९९१८।- को

बढीको लागत अनुमान तयार भई सो अनुसार ठेक्का व्यवस्थापन गरेको देखिन्छ ।यसरी नियमविपरित ओभरहेड राखेको रकम अनियमित देखिएको रु.

| योजनाको नाम | मालसमानको विवरण | परिमाण | इकाई | ओभरहेड रकम | लागत अनुमानमा समावेश भएको ओभरहेड रकम |
|---|---|---|---|---|---|
| मेखुवा झो पु | Steel Parts and steel desk | ६०२५.७६ | के. जि. | २०.१० | १२१११७.८ |
| | Reinforcement | २४८.८० | के. जि. | १४.५५ | ३६२०.०४ |
| | Galvanization steel parts | ६०१७.४२ | के. जि. | ८.८९ | ५३४९४.८६ |
| | Wire mesh | २४६ | के. जि. | ८८.१५ | २१६८४.९ |
| **जम्मा** | | | | | **१९९९१७.६** |

| | |
|---|---|
| अनियमित भएको | १,९९,९१८ |

८२ **ननफाईलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तपसिलको आपूर्तकर्ताबाट खरिद गरिएको विलविजकको रु.२५,५२,३९१.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण वुझाई कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९३,०६२ |

**(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८३ **माक्पा मा वि भवन निर्माण**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु. **१३६,४७८**।- सम्परीक्षण गरिएको ।)

८४ **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिंदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम वपात रु.१९५०००।-भुक्तानी दिएकोमा सो को बिल भरपाई पेश गरेका देखिएन। उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७-२०८०।२।३२ | देशारे चित्रे महेश्वरी सडक स्तरोन्नती | सरस्वती निर्माण सेवा | Providing and establishing camp with….. | ३०००० |
| | | | Providing and installation of project board | १०००० |
| ९-२०८०।३।२४ | | सरस्वती निर्माण सेवा | Providing and establishing camp with….. | ३०००० |

| | | | | |
|---|---|---|---|---|
| | ऐसेलुखर्क माक्पा रावाखोला सडक तरोन्नति | | Providing and installation of project board | १०००० |
| ९७-२०८०।२।२३ | देउराली सडक स्तरोन्नति | सनफ्लावर कन्स्ट्रक्शन एण्ड सप्लायर्श | Providing and establishing camp with….. | ५०००० |
| | | | Providing and installation of project board | १०००० |
| १२०-२०८०।३।१८ | श्री त्रिभुवन मा वि होस्टेल भवन निर्माण | सनफ्लावर कन्स्ट्रक्शन एण्ड सप्लायर्श | Lab test of materials | २५००० |
| | | | Providing and installation of project board | ५००० |
| ३-२०८०।३।१६ | १५ शैया अस्पताल निर्माण | श्यामसुन्दर गोरखा तुवाचुङ जे भि | Carrying out different Laboratory test of construction material | १२५०० |
| १३-२०८०।३।२४ | | | Carrying out different Laboratory test of construction material | १२५०० |
| **जम्मा** | | | | **१९५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,००० |

८५ **प्रोभिजनल सममा मू.अ. कर दिएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम वापत वि.ओ.क्यू अनुसार नै रु.१४००००।- भुक्तानी दिएकोमा सोमा पुन मू.अ.कर थप गरी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको मू.अ.कर रकम रु.१८२००।- असुल हुनुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम | मू.अ.कर |
|---|---|---|---|---|
| ७-२०८०।२।३२ | देशारे चित्रे महेश्वरी सडक स्तरोन्नती | सरस्वती निर्माण सेवा | ४०००० | ५२०० |
| ९-२०८०।३।२४ | ऐसेलुखर्क माक्पा रावाखोला सडक तरोन्नति | सरस्वती निर्माण सेवा | ४०००० | ५२०० |
| ९७-२०८०।२।२३ | देउराली सडक स्तरोन्नति | सनफ्लावर कन्स्ट्रक्शन एण्ड सप्लायर्श | ६०००० | ७८०० |
| **जम्मा** | | | | **१८२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,२०० |

८६ **पूर्वनिर्धारित क्षतिपुर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको १५ शय्याको अस्पताल निर्माण कार्यको डि पी.आर. तयार गर्नको लागि २०७८ बैशाख मसान्तमा अन्तिम प्रतिवेदन पेश गर्ने गरी मिति २०७७।१२।१८ मा ग्रिड नेपाल डिजाइन एशिसियसन प्रा लि र राज

